१५ श्रावण २०७६

# ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण
# मोहन्याल गाउंपालिका



## आर्थिक वर्ष २०७५/०७६ को

## वार्षिक

# प्रगति प्रतिवेदन

मोहन्याल गाउंपालिका
**गाउंकार्यपालिकाको कार्यालय**
खिमडी, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना
**गाउंपालिका सहयोग इकाई**
**मोहन्याल, कैलाली**

# विषय सूची

आर्थिक वर्ष २०७५/०७६ को प्रगती सारांश ........ 2
१. पृष्ठभूमी ........ 4
२. लक्ष बमोजिम उपलब्धी ........ 5
२.१. जलउपयोग गुरुयोजना ........ 5
२.२. भौतिक प्रगति ........ 5
२.४. सरसफाइ तर्फको उपलब्धी ........ 7
२.४.१ लक्ष बमोजिम उपलब्धी ........ 8
२.४.२ सरसफाइ तथा स्वच्छता प्रवर्द्दन ........ 8
२.५ जीविकोपार्जन कार्यक्रम ........ 10
३. अनुगमन तथा प्रतिवेदन ........ 10
४. प्रगती समीक्षा तथा योजना तर्जुमा ........ 12
५. नीति तर्जुमा ........ 12
७. आइपरेका समस्याहरु ........ 13
अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण ........ 14
अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण ........ 16
अनुसूची ३ : सहकारी संस्थाको विवरण ........ 18
अनुसूची ४ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु ........ 20
अनुसूची ५ : भिजिबिलिटी ........ 21
अनुसूची ६ : जनशक्ति विवरण ........ 21

## तालिका सूची

तालिका १ : जलउपयोग गुरुयोजना तर्जुमाको प्रगति स्थिति
तालिका २ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी
तालिका ३ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण
तालिका ४ : क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश
तालिका ५ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण
तालिका ६ : आयआर्जन सम्बन्धी विवरण
तालिका ७ : सहकारी सम्बन्धी विवरण
तालिका ८ : योजनास्तरमा गरिएको अनुगमनको विवरण
तालिका ९ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु
तालिका १० : अनुगमनमा औंल्याइएका सुझावहरुको कार्यान्वयन
तालिका ११ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक
तालिका १२ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य
तालिका १३ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु

## आर्थिक वर्ष २०७५/०७६ को प्रगती सारांश

| | |
|---|---|
| **स्थानीय तहको नाम:** | मोहन्याल गाउँपालिका |
| **परियोजनाको नाम :** | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण |
| **प्रतिवेदनको समयावधी** | १ श्रावण २०७५ देखि ३१ अषाढ २०७६ सम्म (१६ जुलाई २०१८ देखि १६ जुलाई २०१९) |

### क. आर्थिक प्रगती सारांश

**परियोजनाको लागि यस आ.ब.को कुल बजेट तथा खर्चको अवस्था** (रु हजारमा) (दातृ निकाय, नेपाल सरकार तथा स्थानीय तह समेत)

| शीर्षक | बजेट | निकासा | खर्च | खर्च % |
|---|---|---|---|---|
| पूँजीगत | २६१३८ | २४१७१।५८ | २२८०९।४३ | ८७।२६ |
| कार्यक्रम/चालु: | ८२७१ | ७९३८।६६ | ५८६३।२९ | ७०।८८ |
| **जम्मा** | **३४४०९** | **३२११०।२४** | **२८६७२।७२** | **८३।३२** |

**श्रोतगत रुपमा आर्थिक बर्षको बजेट तथा खर्चको अवस्था** (रु हजारमा)

| लगानीको स्रोत | बजेट | निकासा | खर्च | खर्च % |
|---|---|---|---|---|
| स्थानीय तह | ५०२० | ४३७७।८२ | ४३७७।८२ | ८७।२० |
| नेपाल सरकार | १४३९९ | १४३९९ | ११४८४।४८ | ७९।७५ |
| दातृ निकाय (GoF/EU) | १४९९० | १३३३३।४२ | १२८१०।४२ | ८५।४५ |
| **जम्मा** | **३४४०९** | **३२११०।२४** | **२८६७२।७२** | **८३।३२** |

### ख. भौतिक प्रगती सारांश

| नतिजा क्षेत्र | आर्थिक वर्षको बुँदागत प्रमुख उपलव्धी |
|---|---|
| **नतिजा १ : खानेपानी, सरसफाइ तथा स्वच्छता** | ○ गत आ.व.का क्रमागत ६ वटा खानेपानी तथा सरसफाइ योजनाको निर्माण सम्पन्न ।<br>○ ५ वटा खानेपानी तथा सरसफाइ योजनाहरुको ९० प्रतिशत निर्माण कार्य सम्पन्न ।<br>○ १ वटा बिद्यालय शौचालय निर्माण सम्पन्न । |
| **नतिजा २ : जीविकोपार्जन प्रवर्द्धन** | ○ २३ वटा घरवारी व्वस्थापन समुहका ५६५ जना सदस्यहरुले घरवारी व्यवस्थापन तालिम पाएका छन् ।<br>○ २३ वटा घरवारी व्यवस्थापन समुहका २३ वटा अगुवा कृषकहरुले अगुवा कृषक तालिम पाएका छन् ।<br>○ १६ वटा घरवारी व्यवस्थापन समुहलाई घरवारी व्यवस्थापन पुर्नताजगीय तालिम संचालन गरिएको छ ।<br>○ ३ वटा स्थानिय श्रोत व्यक्तिहरु मार्फत घरवारी व्यवस्थापन समुहहरुलाई थप प्राबिधिक सहयोग उपलब्ध गराइएको छ ।<br>○ १३ जनाले बहुउद्देश्यिय नर्सरी नाइके तालिम लिइ नर्सरी व्यवस्थापनमा लागेका छन् ।<br>○ १ वटा आयआर्जन समुहका ३४ वटा सदस्यहरुले वयवसायिक केरा खेती तालिम पाइ व्यवसायिकरुपमा केरा खेतीको सुरुवात गरेका छन् । ३४ घरधुरीलाई ६००० केराका बिरुवा र ३५० कागतीका बिरुवाहरु सहयोग गरीएको छ । |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | |
|---|---|
| **नतिजा ३ : जलवायु परिवर्तन अनुकुलन/प्रकोप जोखिम न्यूनीकरण** | ○ १ वटा सुधारिएको घट्ट मार्फत ४५ घरधुरीका ३०५ जना लाभान्वित भएका छन् ।<br>○ २०० वटा घरधुरीमा चांग तथा जुठ्यान निर्माण भइ १२०० जनसंख्या लाभान्वित भएका छन् । |
| **नतिजा ४ : क्षमता विकास** | ○ योजना स्तररिय चरणबद्ध तालिम तथा अभिमुखिकरणबाट १८३९ जना प्रशिक्षित भएका छन् ।<br>○ गाउँपालिका स्तरिय तालिम तथा गोष्ठीहरुबाट २३४ जनाले तालिम प्राप्त गरेका छन् ।<br>○ बिभिन्न दिवस, सप्ताह र अभियानबाट ४८४३ जना प्रशिक्षित एवं कार्यक्रमका बारेमा सुशुचित भएका छन् ।<br>○ ग्रामीण मर्मत संभार कार्यकर्ता तालिमबाट ९ जना दक्ष ग्रामीण मर्मत संभार कार्यकर्ता तयार भइ योजना क्षेत्रमा परिचालन भएका छन् ।<br>○ ७ वटा वडामा वडा स्तरिय र गाउँपालिका स्तरमा गा.पा. स्तरिय जल उपयोग गुरु योजना तथा जीविकोपार्जन कार्यान्वयन योजना तयार भएको छ ।<br>○ जिल्ला स्तरिय कर्मचारी अभिमुखिकरण र समिक्षा बैठक तथा गोष्ठीहरु सम्पन्न भएको छ ।<br>○ गा.पा. स्तरमा पानी सुरक्षा योजना तालिम, पूर्ण सरसफाइ सम्मेलन, उ.स. व्यवस्थापन तालिम सम्पन्न भएको छ ।<br>○ सुधारिएको चुल्हो निर्माण प्रवर्द्धक तालिमबाट १६ जना चुलो जडान प्राबिधिक तयार भएका छन् । |

# आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभूमी

कर्णाली प्रदेश र प्रदेश सातका ग्रामीण क्षेत्रमा **"न्यायोचित, समतामूलक तथा दिगो रुपमा पानीको उपयोगको माध्यमवाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीवीकोपार्जनका अवसरहरुको वृद्धि गर्ने"** लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच सम्झौता भई आर्थिक वर्ष २०६३/०६४ देखि यस क्षेत्रका १० जिल्लाहरु (अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेलधुरा, दार्चुला, डोटी, कैलाली, दैलेख र हुम्ला) मा सफलतापूर्वकनिरन्तर सञ्चालन भइरहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनो (RVWRMP) राज्यको पुनर्सरचनासँगै नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुरुप अर्थिक वर्ष २०७४/०७५ को आरम्भ देखिनै स्थानीय सरकार मातहत कार्यान्वयन भईरहेको छ।

नेपालमा संघीयताको कार्यान्वयन सँगै नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम स्थानीय विकास निर्माणको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ। संघ र प्रदेशको संयुक्त अधिकार सूचीमा भएका बाहेक स्थानीय तहका विभिन्न २२ वटा अधिकारहरु नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएको छ। जस अनुसार स्थानीय स्तरका जनसरोकारका सबै विषयवस्तुहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन स्थानीय तहको जिम्मेवारी भित्र पर्दछ।

यस गाउँपालिकामा परियोजना कार्यान्वयन गर्नको लागि मिति २०७४।०५।०१ गते स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, यस गाउँपालिका र जिल्ला समन्वय समिति बीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो। सोहि समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु तथा परियोजनाको स्वीकृत परियोजना कार्यान्वयन निर्देशिका मा उल्लेख भएका प्रावधानहरु मातहत रही आर्थिक वर्ष २०७५/०७६ मा किटान गरिएका लक्ष वमोजिम हासिल गरिएका उपलब्धीहरु, आइपरेका समस्याहरु लगायतका विषयहरुलाई विष्लेशण गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ।

आर्थिक वर्ष २०७५/०७६ मा परियोजना अन्तर्गत कुल बिनियोजित रकम मध्ये ९३।३१ प्रतिशत निकासा भै **८३।३२** प्रतिशत खर्च भएको छ। जसमध्ये नेपाल सरकार पुंजीगत तर्फको **रु. १३,६२,१४५।००** रकम फ्रिज भएको छ भने दातृ निकाय अन्तरगत चालुतर्फको **रु ५,२३,००४।००** अर्को वर्षमा सरी गएको छ। स्थानीय तहको विनियोजित **रु. ४३,७७,८२०।००** खर्च भएको छ। यस स्थानीय तहमा बजेटको तुलनामा ८३।३२**%** आर्थिक प्रगति हासिल भएको छ।

तर्जुमा गरिएका १९ वटा भौतिक निर्माण तर्फका योजनाहरु मध्ये ९ वटा योजनाहरु सम्पन्न भएका छन् भने ५ वटा निर्माणाधिन योजनाहरु आगामी बर्ष समेत निरन्तर रुपमा निर्माण कार्य हुने गरी जिम्मेवारी सरी गएका छन्। माथि उल्लेखित सम्पन्न योजनाहरुवाट ६१४ घरधुरीका ४१३९ जनसंख्या लाभान्वित भएका छन्।

यस प्रतिवेदनमा मोहन्याल गाउंपालिकामा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत हासिल भएको प्रगती तथा सम्पन्न हुन नसकेकाका क्रियाकलापहरु तथा आइपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ। यस प्रतिवेदनले गाउँपालिका परियोजना व्यवस्थापन समिति तथा परियोजना सहयोग इकाई/परियोजना समन्वय कार्यालयलाई समेत भविष्यमा परियोजनालाई थप प्रभावकारी बनाउनको लागि चाल्नु पर्ने आवश्यक कदमको बारेमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ।


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

# २. लक्ष बमोजिम उपलब्धी

## २.१. जलउपयोग गुरुयोजना

यस गाउँपालिकामा आर्थिक वर्ष २०७५/०७६ मा तर्जुमा गर्ने लक्ष राखिएको जलउपयोग गुरुयोजना सम्बन्धमा निम्न बमोजिम प्रगति हासिल भएको छ। जलउपयोग गुरुयोजनासंग सम्बन्धित क्षमता विकासका क्रियाकलापहरु शीर्षकमा उल्लेख गरिएको छ। जलउपयोग गुरुयोजना सम्बन्धमा यस आर्थिक वर्षमा भएको प्रगति निम्न बमोजिम रहेको छ।

***तालिका १ : जलउपयोग गुरुयोजना तर्जुमाको प्रगति स्थिति***

| लक्ष्य | प्रगति |
|---|---|
| १. मोहन्याल गाउँपालिकाका ७ वटै वडाहरुको वडा स्तरिय जल उपयोग गुरु योजना तथा जीविकोपार्जन कार्यान्वयन योजना तयारी | • ७ वटै वडाहरुको जल उपयोग गुरु योजना र जीविकोपार्जन कार्यान्वयन योजना निर्माण भएको छ। |
| २. गाउँपालिका स्तरिय जल उपयोग गुरु योजना तथा जीविकोपार्जन सम्बन्धि कार्ययोजना तर्जुमा गर्ने | • मोहन्याल गाउँपालिकाको गाउँपालिका स्तरिय जल उपयोग गुरु योजना निर्माण तथा अद्यावधिक भएको छ। साथै जीविकोपार्जन कार्यान्वयन योजना समेत तर्जुमा भएको छ। |

## २.२. भौतिक प्रगति

यस गाउँपालिकामा आर्थिक वर्ष २०७५/०७६ मा भौतिक निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ।

१. ६ वटा खानेपानी योजनाहरुको निर्माण कार्य सम्पन्न भएको।

२. १ वटा सुधारिएको घट्ट निर्माण सम्पन्न भएको।

३. १ वटा बिद्यालय शौचालय योजना सम्पन्न भएको।

४. २०० वटा चाङ्ग तथा जुठेल्नोहरु सम्पन्न भएका छन्।

५. ५ वटा खानेपानी योजनाहरुको निर्माण कार्य करिव ९० प्रतिशत सम्पन्न भएको र आ.व. २०७६।०७७ मा सम्पन्न हुने।

***तालिका २ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी***

| क्र.सं. | योजनाको प्रकार | सम्पन्न गर्ने लक्ष | | हासिल भएको उपलव्धी | | प्रगती प्रतिशत (%) | |
|---|---|---|---|---|---|---|---|
| | | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | खानेपानी योजनाहरु | ६ | २३८४ | ६ | २३८४ | १००% | १००% |
| २ | सिँचाई योजनाहरु | | | | | | |
| ३ | संस्थागत चर्पीहरु (संख्या) | १ | २५० | १ | २५० | १००% | १००% |
| ४ | घरबारी व्यवस्थापन (घरधुरी) | २३ | ६९० | २३ | ५६५ | १०० % | ८२% |
| ५ | सुधारिएको चुल्हो (संख्या) | ४५० | २४७५ | ० | ० | ० | ० |
| ६ | सुधारिएको पानी घट्ट (संख्या) | ५ | १०० | १ | ३०५ | २० % | ३०५% |
| ७ | पोखरी संरक्षण | ३ | ६२ | ० | ० | ० | ० |


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | मुल संरक्षण | ० | ० | ० | ० | ० | ० |
| ९ | घरायसी सरसफाइ संरचना (चाङ्ग) | ३०० | १६५० | २०० | १२०० | ६७ % | ७३ % |
| १० | अस्थायी चाङ्ग | १०० | ५५० | १०० | ५५० | १०० | १०० % |

तपसील बमोजिमको कारणले लक्ष गरिए बमोजिम योजनाहरु सम्पन्न हुन नसकी लक्षीत उपलब्धी हासिल हुन सकेन ।

***तालिका ३ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण***

| क्र.सं. | लक्ष बमोजिम उपलब्धी हासिल हुन नसक्नुको कारण | भविष्यमा यस प्रकारको समस्या आउन नदिनको लागि गाउँपालिका परियोजना व्यवस्थापन समितिको रणनीति |
|---|---|---|
| १ | सहयोगी संस्थाको छनौट कार्य ढिलो भएको | ○ सहयोगी संस्थाको कार्यसम्पादन गरी यस बर्ष समयमै सहयोगी संस्थाको सम्झौता नविकरण वा नयाँ छनौट गर्ने । |
| २ | गाउँपालिकाको स्थायी कार्यालय नहुनु | ○ गाउँ कार्यपालिकासंग कार्यालय तथा शाखाहरुको स्थापना नहुँदा आइपरेका समस्याका बारेमा छलफल गर्ने । |
| ३ | कर्मचारी समायोजनले गाउँपालिकामा कर्मचारीको अभाव | ○ कर्मचारी समायोजन भइ यस बर्ष लेखापाल तथा अन्य सहयोगी कर्मचारी नहुँदा समस्या परेकाले यस बर्ष समयमै कर्मचारीको व्यवस्थापन गर्न गाउँपालिकालाई सम्बन्धित निकायमा अनुरोध गर्न सुझाव दिने । |
| ४ | समयमै योजनाको कार्यान्वयन सम्झौता हुन नसक्नु | ○ योजनाहरुको समयमै तयारी चरण सम्पन्न गरी कार्यान्वयन सम्झौताका लागि सहयोगी संस्था, गा.पा. सहयोग इकाइलाई निर्देशन दिने । |
| ५ | योजना स्तरमा हुने विवादहरु | ○ योजना स्तरमा हुने मुल विवाद, संरचना विवादहरु तत्काल सुल्झाउन वडापालिका, सहयोगी संस्थाका कर्मचारीहरुलाई खटाउने, विवाद समाधान नभएमा कार्यपालिकाको निर्णय अनुसार जल उपयोग गुरु योजनाको प्राथमिकतामा भएको अर्को योजनाको सुरुवात गर्ने । |

गाउँपालिका भित्र परियोजनाको सहयोगमा सम्पन्न भएका तथा निर्माणाधिन योजनाहरुको सूची अनूसुची १ मा दिइएको छ ।

## २.३. क्षमता विकास

आर्थिक वर्ष २०७५/०७६ मा यस गाउँपालिकामा क्षमता विकास तर्फ हासिल भएका प्रमुख उपलब्धीहरु निम्न बमोजिम रहेका छन् ।

१. खानेपानी योजना चरणवद्ध कार्यपद्धति अन्तरगत कुल ७३ वटा विभिन्न तालिम/अनुशिक्षणहरु संचालन भई सो चरणवद्ध तालिममा १८३९ जना सहभागी भएका छन् ।

२. सरसफाइ स्वच्छता तथा जनचेतनामुलक तालिम, अभियानहरुमा ४८४३ जना सहभागी भई समुदायस्तरमा सरसफाइ र व्यवहार परिवर्तनमा सुधार भएको छ ।

३. गाउँपालिका स्तरमा ९ वटा तालिम संचालन भई २३४ जना सहभागी भएका छन् ।

४. प्राविधिक तालिमहरु जस्तैः ग्रामीण मर्मत संभार कार्यकर्ता तालिम, अगुवा कृषक तालिम र बहुउदेश्यिय नर्सरी नाइके तालिम ५५ जनाले प्राप्त गरि योजना दिगो मर्मत संभार व्यवस्थापन, घरबारी व्यवस्थापनमा प्रचार प्रसारका साथै प्रत्यक्षरुपमा सहयोग भइरहको छ ।

५. एक पटक सुधारिएको चुलो निर्माण सम्वन्धि तालिम संचालन भएको र उक्त तालिममा १६ जना सहभागी भई घरायसीस्तरमा चुलो निर्माणमा सहयोग पूर्याईरहेका छन्

६. १ वटा जिल्लास्तरीय क्षमता अभिबृद्धि तालिम/अभिमुखिकरणहरुमा जम्मा २८ जना सहभागी भएका छन् ।

***तालिका ४ :क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश***

| **क्षमता अभिवृद्धि क्रियाकलाप** | **दलित महिला** | **दलित पुरुष** | **जनजाती महिला** | **जनजाती पुरुष** | **अन्य महिला** | **अन्य पुरुष** | **जम्मा महिला** | **जम्मा पुरुष** |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तलिम | २४१ | ९३ | २३४ | १७३ | ४५९ | ६३९ | ९३४ | ९०५ |
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु | ४ | ६ | ५ | ३ | १४ | १८ | २३ | २७ |
| **जिवीकोपार्जन सम्बन्धित तालिमहरु** | १२४ | ० | २५० | १७ | २३९ | ३ | ६१३ | २० |
| स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु ( परियोजना सहयोग इकाइबाट संचालित) | ० | ० | ० | २ | १ | ० | १ | २ |
| जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु | ५ | १ | ७ | ८ | ७ | १३ | १९ | २२ |
| नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु | ० | २ | ० | ५ | ० | ९ | ० | १६ |
| वडास्तरीय सरसफाइ तालिम | | | | | | | | |
| दिवश तथा अभियान संचालन | २५९ | ६२ | ४७६ | १३९ | ६११ | २०९ | १३४६ | ४१० |
| गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु | २ | १ | ० | २ | ५ | १८ | ७ | २१ |
| **जम्मा** | ६३५ | १६५ | ९७२ | ३४९ | १३३६ | ९०९ | २९४३ | १४२३ |
| **प्रतिशत् :** | १८% | | ३०% | | ५२% | | ६८% | ३२% |

तालिमको विस्तृत विवरण अनुसूची २ मा दिइएको छ ।

## २.४. सरसफाइ तर्फको उपलब्धी

यस मोहन्याल गाउंपालिका खुलादिशामुक्त भईसके पश्चात् गाउंपालिकालाई पूर्ण सरसफाइ उन्मुख वनाउन ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनाले विभिन्न कियाकलापहरु जस्तै: सरसफाइ सम्वन्धि विभिन्न स्तरमा जनचेतनामुलक तालिम, अनुशिक्षण, अभियानहरु/दिवशहरु स्थानीय तहका वडा तथा गाउंपालिकास्तरमा संचालनको माध्यमवाट पूर्ण सरसफाइ अभियानलाई अगाडी वढाउन सहयोग पुर्याईरहेको छ । मुख्यतया परियोजनाले परिवर्तित व्यवहार सहितको दिगो सरसफाइयुक्त व्यक्ति, घर, टोल, समुदाय, वडा र स्थानीय तहका साथै दिगो सरसफाइयुक्त कार्यालय तथा संस्थाहरुको अवधारण सहित विभिन्न कार्यरत तहहरुमा पूर्ण सरसफाइका कियाकलापहरु संचालनका लागि सहकार्य गर्दै आईरहेको छ । त्यसका लागि घरायसी र विद्यालय तहमा सरसफाइ अभियानलाई मुर्तरुप दिनका लागि स-साना सजिलै गर्न सकिने कार्यहरु (Small Doable Action-SDA) र KOVO tools मार्फत समेत स्वमूल्यांकन पद्धती अपनाएको छ । उक्त स्वमूल्यांकन पद्धती अनुसार आ.व.२०७५।०७६ मा निम्न अनुसारका क्रियाकलापहरुमा उपलब्धी भएको छ ।



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## २.४.१ लक्ष बमोजिम उपलब्धी

- गाउंपालिकाको जम्मा घरसंख्या : ४३००
- चर्पी भएका घरसंख्या : ४२८७
- SDA लागु गरिएका घरसंख्या : ३२६ ( पहिलो : ३२६)
- KOVO tools मार्फत अनुगमन गरिएका घरधुरी संख्या : १२

  अनुगमन गरिएका जम्मा ३२६ घरधुरी मध्ये
- ६६ प्रतिशत् घरधुरीहरुका महिलाहरुले महिनावारी भएको वेलामा समेत नियमित चर्पी प्रयोग गर्दछन् भने ४९ प्रतिशत् घरधुरीमा महिलाहरुको महिनावारी भएको वेला सार्वजनिक खानेपानी धारा प्रयोगमा पहुँच रहेको छ ।
- ६८ प्रतिशत् घरधुरीमा सावुनपानीले व्यवस्थित हातधुने व्यवस्था रहेको देखिन्छ ।
- १८ प्रतिशत् घरधुरीहरुमा सुधारिएको चुलो निर्माण भई प्रयोग भईरहेको छ ।
- अनुगमन गरिएका ३२६ घरधुरीहरु मध्ये १ प्रतिशत् घरधुरीहरुले मात्र खानेपानी शुद्धिकरण गरि ( फिल्टर र उमाल्ने) पिउने गरेका छन् ।
- कार्यक्षेत्रका कूल घरधुरीहरु मध्ये ३ प्रतिशत् घरधुरीहरुले गोठेमल व्यवस्थापन गरेका छन् ।

## २.४.२ सरसफाइ तथा स्वच्छता प्रवर्द्दन

### क. समुदायस्तर

परियोजना अन्तरगत सरसफाइ अभियानलाई दिगो र व्यवस्थित रुपमा अगाडी वढाउन र व्यवहार परिवर्तनमा सघाउ पूर्‍याउनका लागि यस आ.व. मा परियोजनावाट विभिन्न जनचेतनामुलक अभियान, दिवश संचालन, वडा तथा गाउंपालिकास्तरीय तालिम, गोष्ठीहरु संचालन गरिएको थियो ।

**तालीका नं.५**

| परियोजना कार्यरत वडा नं | जम्मा घरसंख्या ( घरभेट) | पक्कि शौचालय भएका घरसंख्या | महिनावारी महिलाहरुको शौचालयमा पहूच भएका घरसंख्या SDA अनुगमन गरिएका मध्ये | महिनावारी महिलाहरुको साविक पानीधारामा पहूच भएका घरसंख्या | व्यवस्थित हातधुने स्थान र व्यवहार भएका घरसंख्या | सुधारिएको चुल्हो जडान भएका घरसंख्या | सुरक्षित पानीको प्रयोग व्यवहार ( घरयासीस्तरमा पानी सुद्धिकरण) भएका घरसंख्या | गोठेमल व्यवस्थापन गर्ने घरसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| २ | १७२ | १५५ | १५५ | ४४ | १३६ | ४३ | ४ | ० |
| ४ | ४१ | ४१ | ४१ | २६ | ४१ | १७ | ० | ० |
| ६ | ११३ | १०४ | १९ | ९१ | ७१ | ० | ० | ३१ |
| **जम्मा** | **३२६** | **३०९** | **२१५** | **१६१** | **२४८** | **६०** | **४** | **१२** |
| प्रगती | | **९४%** | **६६%** | **४९%** | **७६%** | **१८%** | **१%** | **१०%** |

**ख. संस्थागत (विद्यालय तथा सार्वजनिकस्थल)**

यस आ.व.मा सस्थागतस्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनमामा परियोजनाले गरेको सहयोग (पूर्वाधार विकास, क्षमता विकास तथा अभियान) र मूख्य उपलब्धिहरु निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालीका नं. ६**

| सिनं. | संस्था | परियोजना सहयोग (आ.व २०७५/७६) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | शौचालय | | युरिनल | | खानेपानी (धारा) | | हातधुने स्थान | |
| | | सम्पन्न | निर्माणधिन | सम्पन्न | निर्माणधिन | सम्पन्न | निर्माणधिन | सम्पन्न | निर्माणधिन |
| १ | विद्यालय (संख्या) | १ | ० | १ | ० | ५ | ४ | १ | |
| | विद्यालय (लाभान्वित जनसंख्या) | २५० | | २५० | | ७३५ | ५७५ | २५० | |
| २ | सार्वजनिकस्थल (संख्या) | | | | | २ | ३ | | |
| | सार्वजनिकस्थल (लाभान्वित जनसंख्या) | | | | | ३५ | ४३ | | |

ग. **सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका सवाल तथा चुनौती**

- सरसफाइ र स्वच्छतालाई सामाजिक प्रतिष्ठाका रुपमा नहेरिनु ।
- सरसफाइलाई दैनिक जीवनको एक पाटोका रुपमा मानिसहरुले अर्थात समुदायले अंगिकार नगर्नु ।
- परम्परागत रहन सहन, चालचलनहरु र पुरानै आनीवानीहरु ।
- गोठेमलको उचित व्यवस्थापन नहुनु ।
- सरसफाइ स्वच्छताका सामाग्रीहरु समुदाय स्तरमा सहजै उपलब्ध नहुनु वा बजार टाढा हुनु ।
- परम्परागत रुढीवादी संस्कार हाबी हुनु ।

**घ. आगामी आ.व.का लागि प्रमुख योजना तथा सुझाव**

- अगामी आ.व.मा गाउँपालिकाका ५ वटा बस्तीहरु पूर्णसरसफाइ युक्त नमुना गाउँका रुपमा बिकास गर्ने ।
- वार्ड वास सीसीलाई सक्रिय गराइ वडा स्तरिय पूर्ण सरसफाइ तालिम संचालन गरी रणनीति तय गर्ने ।
- गाउँपालिका स्तरिय पूर्ण सरसफाइ रणनैतिक योजना तयार गरी लागु गर्ने ।
- गाउँपालिकाको मर्यादित महिनावारी निर्देशिका गाउँ सभाबाट पारित गरी लागु गर्ने ।
- बिद्यालय, वाल क्लव स्तरमा पूर्ण सरसफाइ अभिमुखिकरण गरी पुर्ण सरसफाइ अभियान संचालन गर्ने ।
- स्थानिय धामी झाक्रिहरुलाई सरसफाइ र स्वच्छता सम्बन्धि तालिम संचलन गर्ने ।
- आमा समुहहरु मार्फत पूर्ण सरसफाइ अभियान संचालन गर्ने ।


GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

- गा.पा. स्तरमा कार्यरत अन्य संघसंस्था तथा सरोकारवाला निकायसंग साझेदारी एवं समन्वय गरी सरसफाइका क्रियाकलापहरुलाई संचालन गर्ने ।

## २.५ जीविकोपार्जन कार्यक्रम

यस आर्थिक वर्षमा जीविकोपार्जन तर्फ यस गाउँपालिकामा निम्न बमोजिमको प्रमुख उपलब्धी हासिल भएको छ ।

१. घरबारी : यस आ.व.मा कुल २३ वटा घरबारी व्यवस्थापन तालिममा ५६५ घरधुरी सहभागी भई घरबारी व्यवस्थापनमा संलग्न रहेका छन् ।

२. १ वटा समुहमा व्यवसायिक केरा खेती सम्वन्धि तालिम संचालन भई ३४ जना तालिम प्राप्त रहेका छन् ।

३. १६ वटा घरवारी व्यस्थापन पुर्नताजगी तालिममा ३८१ घरधुरी सहभागि भइ घरवारी व्यवस्थापन, प्रवर्द्धन, तथा पुर्न स्थापनामा संलग्न रहेका छन् ।

४.स्थानीय स्रोत व्यक्ति उत्पादन : यस आ.व.मा परियोजना सहयोग इकाइ डडेल्धुराले आयोजना गरेको तालिमबाट ३ जना स्थानीय श्रोतव्यक्ति उत्पादन भएका छन् । घरवारी समुहहरुलाई सहजीकरण, जीविकोपार्जन क्रियाकलापहरुको दिगोपना तथा योजनाहरुको दिगो व्यवस्थापनमा सहयोग गर्ने उद्देश्यले गा.पा. भरि परिचालन गरिएको थियो ।

*तालिका ५ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण*

| वडा नं. | अघिल्लो आ.व. सम्म | | | | यस आ.व. मा | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| १ | १ | ४६ | १ | ४८ | ० | ० | ० | ० | १ | ४६ | १ | ४८ |
| २ | १० | २ | ३९ | ५१ | २९ | ९९ | ६४ | १९२ | ३९ | १०१ | १०३ | २४३ |
| ३ | ० | ० | ० | ० | ३ | ५ | १७ | २५ | ३ | ५ | १७ | २५ |
| ४ | २ | ३७ | ३१ | ७० | १२ | ३१ | ५६ | ९९ | १४ | ६८ | ८७ | १६९ |
| ५ | ५ | ११३ | १ | ११९ | ७ | ६३ | १ | ७१ | १२ | १७६ | २ | १९० |
| ६ | ३५ | ० | ५८ | ९३ | ६५ | २७ | ८६ | १७८ | १०० | २७ | १४४ | २७१ |
| ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | **५३** | **१९८** | **१३०** | **३८१** | **११६** | २२५ | **२२४** | **५६५** | **१६९** | **४२३** | **३५४** | **९४६** |

*तालिका ६ : आयआर्जन सम्बन्धी विवरण*

| क.सं. | आयआर्जन क्रियाकलापहरु | व्यवसाय गर्ने जम्मा व्यक्ति | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |
| १ | व्यवसायिक तरकारी तथा मसला खेती (केरा खेती) | ० | ३४ | ० | ३४ |
| २ | बहुद्देश्यीय नर्सरी व्यवस्थापन | १ | ६ | ६ | १३ |
| ३ | एग्रोभेट | ० | ० | ० | ० |
| **जम्मा** | | १ | ४० | ६ | ४७ |

## ३. अनुगमन तथा प्रतिवेदन

गाउँपालिका तथा स्थानीय पूर्वाधार विकास विभाग तथा कृषि सडक विभाग बीच सम्पन्न समझदारी बमोजिम यस गाउँपालिकामा परियोजनाका क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गर्नको लागि मिति २०७५।१०।२५ गतेको गाउंपालिका परियोजना

व्यवस्थापन समितिको निर्णयानुसार अनुगमन कार्यदल गठन गरिएको छ। सो अनुगमन कार्यदलले यस आ.व.मा गर्नु पर्ने चरणबद्ध कार्य पद्धति बमोजिम तपशील अनुसार अनुगमन गरेको छ।

***तालिका ८ : योजनास्तरमा गरिएको अनुगमनको विवरण***

| क्र.सं. | योजनाको नाम | चरणवद्ध कार्यपद्धति वमोजिम गर्नुपर्ने स्थलगत अनुगमन संख्या | स्थलगत अनुगमन गरिएको संख्या | गाउँपालिका कार्यालयवाट अनुगमन मा सहभागि भएको संख्या |
|---|---|---|---|---|
| १. | ओखलढुंगा खानेपानी तथा सरसफाइ योजना | १ | १ | १ |
| २ | केरेनी खानेपानी तथा सरसफाइ योजना | १ | १ | १ |
| ३ | झाक्रि खुर्रे खानेपानी तथा सरसफाइ योजना | १ | १ | १ |
| ४ | फलाटे खानेपानी तथा सरसफाइ योजना | १ | १ | १ |
| ५ | कटौंजे धनाडी खानेपानी तथा सरसफाइ योजना | १ | १ | १ |
| ६ | सुगरखाल दुबिचौर खानेपानी तथा सरसफाइ योजना | १ | १ | १ |
| ७ | पण्डौन खानेपानी तथा सरसफाइ योजना | २ | २ | २ |
| ८ | जीरापानी खानेपानी तथा सरसफाइ योजना | २ | २ | २ |
| ९ | कठिउर खानेपानी तथा सरसफाइ योजना | २ | २ | २ |
| १० | सुनपाल खानेपानी तथा सरसफाइ योजना | २ | २ | २ |
| ११ | भालुखोला पुर्व सोल्टा लिफ्टींग खानेपानी तथा सरसफाइ योजना | २ | २ | २ |
| | **जम्मा** | **१६** | **१६** | **१६** |

***तालिका ९ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु***

| क्र.सं. | प्रतिवेदन | आ.व. पेश गर्नुपर्ने संख्या | समयमा पेश गरिएको प्रतिवेदन संख्या | समयमा पेश गर्न नसकिएको प्रतिवेदन संख्या |
|---|---|---|---|---|
| १ | मासिक आर्थिक प्रतिवेदन ( फाँटबारी) | १२ | १२ | ० |
| २ | द्वैमासिक प्रगती प्रतिवेदन | ६ | ५ | १ |
| ३ | चौमासिक प्रगति प्रतिवेदन | ३ | २ | १ |
| ४ | वार्षिक प्रतिवेदन | १ | १ | ० |
| | **जम्मा** | **२२** | **२०** | **२** |

परियोजना सहयोग इकाई तथा परियोजना समन्वय कार्यालयवाट विभिन्न मितिमा गरिएको जलस्रोत विकास कोषको अनुगमनको क्रममा दिइएका सुझावहरुको कार्यान्वयन निम्न बमोजिम गरिएको छ।



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

*तालिका १० : अनुगमनमा औंल्याइएका सुझाबहरुको कार्यान्वयन*

| क्र.सं. | अनुगमन मिति | अनुगमन टोलीले दिएको सुझाब | सुझावको कार्यान्वयन विवरण |
|---|---|---|---|
| १ | २०७६।०३।२५ | ○ गाउँपालिका समपुरक कोषको निकासा समयमै हुनु पर्ने ।<br>○ केही गो.भौ.हरुमा दस्तखत छुट भएकाले दस्तखत गरी प्रमाणित गर्ने । | ○ गा.पा.को समपुरक कोष निकासा भइ यस आ.व.मा योजनाहरुमा जानुपर्ने रकम निकासा भएको ।<br>○ दस्तखत छुट भएका एवं प्रमाणित गर्न छुटेका सबै कागजातहरुमा सम्बन्धित कर्मचारीको दस्तखत गरी राखेको । |

जलस्रोत विकास कोषको सम्पूर्ण खर्च रकम तोकिएको शीर्षकमा मात्र गरिएको छ । ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको आर्थिक वर्षमा भएको आम्दानी खर्चको भएको रकमको विवरण गाउँपालिकाको वेवसाइटमा राखिएको छ ।

## ४. प्रगती समीक्षा तथा योजना तर्जुमा

विभिन्न मितिमा परियोजनाका क्रियाकलापहरुको प्रगती समीक्षा तथा परियोजनाको कार्यान्वयनको विषयमा गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक बसी विभिन्न विषयमा छलफल तथा निर्णयहरु गरिएको छ ।

*तालिका११ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक*

| बैठक नं. | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| १ | २०७५।०४।२५ | ● सहयोगी संस्था छनौट प्रक्रिया सम्बन्धि । |
| २ | २०७५।०५।०६ | ● बार्षिक कार्यक्रम तथा कार्ययोजना र गा.पा. जलश्रोत अधिकृतको करार सम्झौता सम्बन्धमा । |
| ३ | २०७५।०६।२६ | ● निर्माणाधिन योजनाहरुको प्रगति तथा समीक्षा सम्बन्धमा । |
| ४ | २०७५।०७।२७ | ● बिद्यालय शौचालय निर्माण र एग्रोभेट सुचिकृत गर्ने सम्बन्धि । |
| ५ | २०७५।०८।१५ | ● सहयोगी संस्था छनौट र एग्रोभेट छनौट सम्बन्धि । |
| ६ | २०७५।०९।२६ | ● गा.पा. र सहयोगी संस्था बीच करार सम्झौता गर्ने सम्बन्धमा । |
| ७ | २०७५।१०।२५ | ● कार्यक्रमको प्रगति समिक्षा तथा अनुगमन कार्यदल सम्बन्धमा । |
| ८ | २०७५।११।१८ | ● गाउँपालिकाका बिभिन्न निर्देशिकाहरु तयार गर्ने सम्बन्धमा । |
| ९ | २०७५।१२।०१ | ● चालु आ.व.को दोश्रो चौमासिक प्रगति समीक्षा सम्बन्धमा । |
| १० | २०७६।०१।२२ | ● प्रगति समीक्षा, स्थानिय श्रोत व्यक्ति परिचालन, आ.व.२०७६।७७ को बार्षिक कार्यक्रम र योजनाहरुको आकस्मिक मर्मत संभार तथा मुल संरक्षण सम्बन्धमा । |
| ११ | २०७६।०२।१० | ● सहयोगी संस्था र आयआर्जनका क्रियाकलापहरु संचालन गर्ने सम्बन्धमा । |
| १२ | २०७६।०३।३१ | ● बार्षिक प्रगति समीक्षा सम्बन्धमा । |

## ५. नीति तर्जुमा

गाउँपालिकाले खानेपानी, सरसफाइ, स्वच्छता एवं महिनावारी व्यवस्थापन तथा जीविकोपार्जन प्रवर्द्धन क्षेत्रमा निम्न वमोजिमका नीतिहरु तर्जुमा गरेको छ ।

१. गाउँपालिकाको जलश्रोत नियमावली २०७६ (मिति २०७६ असाढ २६ गतेको का.पा. बैठकबाट पारीत)


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

२. मर्यादित महिनावारी स्वच्छता निर्देशिका २०७६ (कार्यपालिकामा पेश भइ छलफलमा रहेको)

३. खानेपानी योजना संचालन तथा मर्मत संभार निर्देशिका २०७६ (कार्यपालिकामा पेश भइ छलफलमा रहेको)

**६. सहकार्य**

परियोजना कार्यान्वयनको सिलसिलामा परियोजनासँग सम्बन्धित योजना क्रियाकलापहरुमा गाउँपालिकाका विषयगत शाखाहरु र अन्य साझेदार निकायहरुबाट थप आर्थिक तथा प्राविधिक सहयोग (परियोजनाको लागि विनियोजित बजेट भन्दा बाहेक) उपलब्ध भएको छ ।

***तालिका १२ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य***

| क्र.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकम रु. (वा बराबर) |
|---|---|---|---|---|
| १ | मोहन्याल गा.पा. कृषि तथा पशु बिकास शाखा | घरवारी व्यवस्थापन | प्राबिधिक सहयोग | १० हजार बरावर |
| २ | मोहन्याल गा.पा. स्वास्थ्य शाखा | हातधुने प्रर्दशनी | प्राबिधिक सहयोग | २ हजार वराबर |
| ३ | मोहन्याल गा.पा. महिला तथा वालबालिका शाखा | नारी दिवस | आर्थिक तथा प्राबिधिक | २० हजार |
| ४. | सुआहारा कार्यक्रम | गा.पा. स्तरिय पूर्ण सरसफाइ तथा पोषण सम्मेलन | आर्थिक तथा प्राबिधिक | ३० हजार |
| ५ | चुरे गाउँपालिका | जलबायु परिवर्तन अनुकुलन, जलाधार तथा माटो व्यवस्थापन तालिम | आर्थिक तथा प्राबिधिक | ५० हजार |

## ७. आइपरेका समस्याहरु

आर्थिक वर्ष २०७५/०७६ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा निम्न बमोजिमका समस्याहरु आइपरेका थिए जसको समाधान निम्न उपायहरुवाट गरिएको थियो ।

***तालिका १३ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु***

| क्र.सं. | समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|---|
| १. | गा.पा. स्तरिय तालिम संचालन गर्न गा.पा. सदरमुकामा बत्तीको व्यवस्था नहुँदा तालिम संचालनमा समस्या | ○ गा.पा. स्तरिय केही तालिमहरु बत्तीको सुबिधायुक्त ठाउँमा संचालन गएिको । |
| २. | योजनाहरुमा मुल बिवाद गर्ने | ○ वडा तथा गाउँपालिकासंग समन्वय गरी विवाद समाधान गरेको । |
| ३. | तालिम लिने र घरवारी व्यवस्थापन गर्न समुदायले आलटाल गर्ने । | ○ स्थानिय श्रोत व्यक्तिहरु परिचालन गरी घरवारी व्यवस्थापन गर्न प्राबिधिक सहयोग उपलब्ध गराएको । |
| ४. | कर्मचारीहरुको अभावले काममा ढिलाइ । | ○ सहयोगी संस्था ढिलो छनौट हुँदा सहयोगी कर्मचारीको अभाव भएकाले छोटो समयकालागि करार सहयोगी व्यक्ति मार्फत केही योजनाहरुमा चरणबद्ध तालिम संचालन ।<br>○ गा.पा.मा कर्मचारी समायोजनले लेखापाल नहुँदा बजेट कम खर्च भएको छ । |


GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण

| योजनाको नाम | वडा नं. | योजनाको अनुमानित लागत (रु) (GoN+GoF+EU+RM) | यस योजनामा हालसम्म भएको खर्च (रु) (GoN+GoF+EU+RM) | यस आ.व.मा भएको खर्च (रु) (GoN+GoF+EU+RM) | यस योजनामा गाउँपालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने | आगामी आ.व.मा हुने खर्चको लक्ष (GoN+GoF+EU+RM) | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वीत जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी तथा सरसफाइ योजना (गत आ.व. वाट क्रमागत भएका र यस आ.व.मा संचालन भएका समेत सवै)** | | | | | | | | |
| सुगरखाल दुबिचौर खानेपानी तथा सरसफाइ योजना | ३,६ | ५०२३६७५।४८ | ४७३८४१४ | १७४०९३६ | ४८५६४० | नजाने | | ६३७ |
| ओखलढुगा खिमडी खानेपानी तथा सरसफाइ योजना | ४ | ४७५१२४२।२८ | ४१०७०२४ | १२८५४५४ | ४४५९४८ | नजाने | | ४२६ |
| झाक्री खुर्रे खानेपानी तथा सरसफाइ योजना | २ | ३०५२५६२।२३ | २८०२०९५ | ३६२६१२ | ३०९०१३ | नजाने | | २७१ |
| करेनी खानेपानी तथा सरसफाइ योजना | २ | २६४१५१५।२० | २४७४९८७ | ४८६९९७ | ४६३२४९ | नजाने | | २३७ |
| कटौजे धनाडी खानेपानी तथा सरसफाइ योजना | ५ | ३९८६७०६।१० | ३७०१५८४ | ५१६०६२ | ३७२०९२ | नजाने | | ४८८ |
| फलाटे खानेपानी तथा सरसफाइ योजना | ५ | ४३९७३०८।११ | ४१०३८५५ | ५८६३४१ | ३९०१९० | नजाने | | ३२५ |
| सुनपाल खानेपानी तथा सरसफाइ योजना | ४ | ३०१६६६३ | २४६९८३१ | २४६९८३१ | ५१८७२० | जाने | ५९२००० | |
| कठिउर खानेपानी तथा सरसफाइ योजना | ४ | २०७९४०१ | १६५९९०८ | १६५९९०८ | ३४२६१० | जाने | ४०९००० | |
| पण्डौंन खानेपानी तथा सरसफाइ योजना | २ | २३१७२३८ | १८३८६९४ | १८३८६९४ | ३७५७६८ | जाने | ४५०००० | |
| जिरापानी खानेपानी तथा सरसफाइ योजना | २ | ४६३९०३२ | ३६८५५४७ | ३६८५५४७ | ८१८५६७ | जाने | ७००००० | |
| भालुखोला पुर्व सोल्टा खानेपानी तथा सरसफाइ योजना | ६ | १०४१९२८९ | ६८८८११४ | ६८८८११४ | १४६९१८३ | जाने | ५००००० | |
| **जम्मा :** | | **४६३२४६३२।४०** | **३८४७००५३** | **२१५२०२०४९६** | **५९९०९८०** | | **२६५१०००** | **२३८४** |
| **सिँचाई/बहुपयोगी योजना** | | | | | | | | |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **जम्मा :** | | | | | | | | |
| **संस्थागत शौचालय** | | | | | | | | |
| बिद्यालय वा संस्थागत चर्पी | २ | ६३१२३०८७ | ५८३४०३ | ५८३४०३ | ४०८४०३ | नजाने | | २५० |
| **सुधारिएको चुल्हो** | | | | | | | | |
| सुधारिएको चुल्हो निर्माण | | | | | | | | |
| | | | | | | | | |
| **चाङ्ग, जुठेल्नो निर्माण** | | | | | | | | |
| | **२,६** | **५५०००० ** | **५५००००** | **५५००००** | **३८८३००** | **नजाने** | | **१२००** |
| **रिचार्ज पोखरी वा पिट आदि** | | | | | | | | |
| | | | | | | | | |
| **जम्मा :** | | ११८१२३०८७ | ११८१२३०८७ | ११८१२३०८७ | ७९६७०३ | | | १४५० |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण

| क्र.सं. | सञ्चालित तालिमको नाम | वडा नं. | तालिमको अवधि | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम** | | | | | | | | | | |
| १ | उपभोक्ता समिति अनुशिक्षण | २,३,४,५,६ | १ | ७ | १९ | १३ | ९ | ९ | ३२ | ४३ |
| २ | घरबारी व्यवस्थापन अभिमुखिकरण | २,३,४,५,६ | १ | ७ | १९ | १३ | ९ | ९ | ३२ | ४३ |
| ३ | GESI/HRBA अभिमुखिकरण | २,३,४,५,६ | १ | ७ | १९ | १३ | ९ | ९ | ३२ | ४३ |
| ४ | मर्मतसंभार तथा पानी सुरक्षा योजना अभिमुखिकरण | २,३,४,५,६ | १ | ७ | १९ | १३ | ९ | ९ | ३२ | ४३ |
| ५ | लेखा तथा आर्थिक व्यवस्थापन अभिमुखिकरण | २,३,४,५,६ | १ | ७ | १९ | १३ | ९ | ९ | ३२ | ४३ |
| ६ | सामुदायिक कार्ययोजना निर्माण तालिम | २,३,४,५,६ | १ | ७ | १९ | १३ | ९ | ९ | ३२ | ४३ |
| ७ | लेखा तथा आर्थिक व्यवस्थापन पूर्नताजगी | २,३,४,५,६ | १ | ५ | २७ | ११ | ४ | १४ | ४३ | ८८ |
| ८ | निर्माणपूर्व गोष्ठी | २,३,४,५,६ | १ | ५ | २७ | १० | ४ | १४ | ४३ | ८८ |
| ९ | निर्माण अवधि गोष्ठी | २,३,४,५,६ | १ | ५ | २७ | १० | ४ | १४ | ४३ | ८८ |
| १० | सार्वजनिक लेखा परिक्षण तयारी तालिम | २,३,४,५,६ | १ | ५ | २७ | १० | ४ | १४ | ४३ | ८८ |
| ११ | निर्माण पश्चात् गोष्ठी | २,३,४,५,६ | १ | ६ | ७ | १ | २३ | २४ | १२ | १५ |
| १२ | मर्मतसंभार तथा पानी सुरक्षा योजना तालिम | २,३,४,५,६ | १ | ६ | ७ | १ | २२ | २५ | १२ | १५ |
| १३ | महिलाधारा समुह तालिम | २,३,४,५,६ | १ | ६ | ३२ | ० | ११५ | ० | ७१ | ० |
| **सरसफाइ, स्वच्छता,महिनावारी व्यवस्थापन र जनचेतना सम्बन्धी तालिमहरु** | | | | | | | | | | |
| १. | पूर्ण सरसफाइ सम्मेलन | गा.पा. | २ | १ | ४ | ६ | ५ | ३ | १४ | १८ |
| २. | पोषण तथा हात धुने प्रर्दशनि | | १ | ७ | ९३ | ३ | १२० | १६ | १५१ | ११ |
| ३. | वाल क्लव परिचालन | | १ | १७ | ३८ | ६२ | ९७ | १११ | १६१ | २१८ |
| ४. | बिश्व चर्पी दिवस | | १ | १ | ५ | ६ | १५ | १८ | २२ | १४ |
| ५ | बिश्व हात धुने दिवस | | १ | १ | ७ | ४ | २१ | ३ | २१ | २१ |
| ६ | अर्न्तराष्ट्रिय महिनावारी स्वच्छता दिवस | | १ | ३ | ३६ | ६ | ९५ | ४६ | ८४ | ३९ |
| ७ | बिश्व पानी दिवस | | १ | ३ | ८० | १२ | १६० | १८ | १९५ | ७२ |
| ८ | अर्न्तराष्ट्रिय नारी दिवस | | १ | ३ | १०८ | २० | १६० | २९ | १८२ | ३८ |
| ९ | सरसफाइ सप्ताह | | ७ | ३ | २२ | १४ | २५ | २५ | १०७ | ९७ |
| **जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १. | बहुउद्देश्यि नर्सरी नाइके तालिम | | ५ | १ | १ | ० | ३ | ३ | ३ | ३ |
| २. | व्यवसायिक केराखेती तालिम | | ३ | १ | ० | ० | २३ | ११ | ० | ० |
| ३ | अगुवा कृषक तालिम | | ५ | १ | ७ | ० | ४ | ० | ० | १२ |
| ४ | घरवारी व्यवस्थापन तालिम | | ३ | २३ | ११६ | ० | २२२ | ३ | २२४ | ० |
| ५ | घरवारी व्यवस्थापन पुर्नताजगी तालिम | | १ | १६ | ४९ | ४ | १८३ | १५ | ११६ | १४ |

GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **स्थानीय स्रोत व्यक्ति र ग्रामीण मर्मत संभार विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु** | | | | | | | | | | |
| १. | ग्रामीण मर्मत संभार कार्यकर्ता तालिम | | १२ | १ | ० | ० | १ | २ | ० | ६ |
| २ | स्थानिय श्रोत व्यक्ति तालिम | | | १ | ० | ० | ० | २ | १ | ० |
| **जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | गा.पा. स्तरिय जल उपयोग गुरु योजना तथा जीविकोपार्जन कार्यान्वयन योजना तर्जुमा गोष्ठी | गा.पा.स्तर | ३ | १ | ५ | १ | ७ | ८ | ७ | १३ |
| | | | | | | | | | | |
| **नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १. | सुधारिएको चुलो निर्माण सम्वन्धि तालिम | | ७ | १ | ० | २ | ० | ५ | ० | ९ |
| **गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु** | | | | | | | | | | |
| १. | उ.स. व्यवस्थापन तालिम | | ३ | १ | २ | १ | २ | २ | ५ | १८ |

## अनुसूची ३ : सहकारी संस्थाको विवरण

**सहकारी संस्थाको नाम : ..........................................**

### क) संगठन तर्फ

### क.सामुदायिक संस्था तथा विभिन्न उपभोक्ता समितिहरुको आवद्धता

| क.सं | विवरण | इकाइ | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | कैफियत |
|---|---|---|---|---|---|
| १ | सामुदायिक संस्था/कृषि समूह | संख्या | | | |
| २ | उपभोक्ता समिति | संख्या | | | |
| ३ | अन्य संस्थाहरु | संख्या | | | |

### ख. शेयर सदस्य

| क.सं | विवरण | इकाइ | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | कैफियत |
|---|---|---|---|---|---|
| १ | महिला सदस्य | संख्या | | | |
| २ | पुरुष सदस्य | संख्या | | | |
| **ग. जातियताको आधारमा** | | | | | |
| १ | दलित | संख्या | | | |
| | जनजाति | संख्या | | | |
| | अन्य | संख्या | | | |

### २ पूँजी निर्माण

| क.सं | बिबरण | इकाइ | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | कैफियत |
|---|---|---|---|---|---|
| १ | शेयर रकम | रु. | | | |
| २ | निक्षेप (वचत) | रु. | | | |
| ३ | जगेडा कोष | रु. | | | |
| ४ | मर्मत संभार राहत कोष | रु. | | | |
| ५ | खुद नाफा | रु. | | | |
| ६ | कुल सम्पति | रु. | | | |

### ३. पूँजी परिचालन ( प्रत्येक आ.व को मात्र)

क.ऋण लगानी

| क.सं | लगानी क्षेत्र | इकाइ | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | लाभान्वित सदस्य संख्या |
|---|---|---|---|---|---|
| १ | कृषि | रु. | | | |
| २ | पशुपालन | रु. | | | |
| ३ | व्यापार | रु. | | | |
| ४ | वैदेशिक रोजगार | रु. | | | |
| ५ | अन्य | रु. | | | |
| **कुल जम्मा** | | रु. | | | |

**नगद मौज्दात रु :**

**वैक मौज्दात रु.:**

## ४ असूली, आम्दानी तथा खर्चको विवरण

| क्र. सं | बिबरण | इकाइ | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | कैफियत |
|---|---|---|---|---|---|
| १ | सांवा असूली | रु. | | | |
| २ | व्याज तथा हर्जाना असूली | रु. | | | |
| ३ | अन्य आम्दानी | रु. | | | |
| ४ | पाउनु पर्ने व्याज वांकी | रु. | | | |
| ५ | भाखा नाघेको रकम | रु. | | | |
| ६ | लगानीमा रहिरहेको रकम (ल.र.र) | रु. | | | |
| ७ | असूली दर | प्रतिशत | | | सूत्र= **(1+2)/(1+2+4+5)x100** |
| **क** | कूल आम्दानी(**२+3)** | रु. | | | |
| ८ | संचालन खर्च | रु. | | | |
| ९ | व्याज खर्च | रु. | | | |
| १० | ऋण सुरक्षण व्यवस्था खर्च/कोष | रु. | | | वार्षिक खातावन्दी मा मात्र |
| **ख** | कूल खर्च(**८+९+१०**) | रु. | | | |
| **ग** | खुद नाफा (**क-ख**) | रु. | | | |
| **११** | संचालन आत्मनिर्भरता (OSS) | प्रतिशत | | | सूत्र=(२+३)/ख |

## (५) सहकारी शिक्षा तथा अन्य तालिम

| क्र. सं | तालिमको नाम | इकाइ | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | कैफियत |
|---|---|---|---|---|---|
| १ | | सहभागी संख्या | | | |

## ६ वाह्य ऋण कारोवारको स्थिति :

| **वैंक तथा वित्तिय संस्थाको नाम** | **यस आ.व. मा भएको कारोवार मात्र (रु मा)** | | | |
|---|---|---|---|---|
| | लिएको सांवा ऋण रकम | तिरेको सांवा ऋण रकम | तिरेको व्याज रकम | वांकी तिर्नु पर्ने सांवा रकम |
| | | | | |

## (७) सहकारीका विभिन्न समितिहरुको विवरण

| क्र. सं | समितिहरु | महिला | पुरुष | दलित | जनजाती | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | संचालक समिति | | | | | | |
| २ | लेखा समिति | | | | | | |
| ३ | कर्मचारीहरु | | | | | | |

**(८) सम्वन्ध र सर्म्पक विकास:**

निकाय　　　　　के काम　　　　　उपलब्धि

## अनुसूची ४ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु







मोहन्याल गाउपालिका र ग्रामीण जलस्रोत व्यावस्थापन परियोजनाको आयोजनामा र युएसएआइडी, आरटीगि डब्लु आरएमपी र सुआहारा सहयोगमा पूर्ण सरसफाई महिनावारी पोषण सम्बन्धि ३० र ३१ गते संचालन भएको थियो । कार्यक्रममा सरसफाई के हो? पूर्ण सरसफाई किन गर्ने ? छाउपडिका समस्या किन आइरहनाकन् र कसरी समाधान गर्न सकिन्छ भन्ने बारेमा छलफल हुनुका साथै गर्भ अवस्था प्रजनन उमेर र अवस्था नवजात शिसु लगाएत को बारेमा जानकारी गराईएको थियो ।

यस्तै, समुहगत तरिकाले छलफल गराइएको थियो समुहगत छलफलबाट सहभागीहरुले खानेपानी, स्वास्थ्य, शिक्षा, पूर्वाधारको समस्या बारे बुदागत रुपमा टिपोट गरेका थिए । स्वास्थ्य इच्छा र प्रतिस्ठाका लागी पूर्ण सरसफाइ भन्ने मुल नारा सहित सन्चालन भएको समापन कार्यक्रमका प्रमुख अतिथि मोहन्याल गाउपालिका अध्यक्ष नन्द सिंह रावल रहनु भएको थियो भने विशिष्टअतिथिमा मोहन्याल गा.पा.वाड न ७का वडा अध्यक्ष खर प्रसाद अधिकारी रहनु भएको थियो।समापन कार्यक्रम लाई सम्बोधन गर्दै अध्यक्ष रावलले मानिस स्वस्थ रहन पोसण युक्त खानेकुरा आफैले उत्पादन गरेर खाने र अरुलाई पनि खुवाउने हेगला आफ्ना सबै नागरिकमा हुनुपर्ने बताउनु भयो।महिनावारी समस्या,छाउपडी प्रथा, कुसंस्कार लाई अन्त्य गर्न सबै एक जुट भएर लाग्नुपर्ने मा जोड दिनु भयो यदि हामी बाच्ने हो र आफ्नो सन्ततिको माया छ भने आजकै दिन बाट सुर्ती ,चुरोट र जाड रक्सी जस्ता कुलत बाट टाढै रहन समेत सम्पुर्ण लाई अनुरोध गर्नु भएको थियो । भने कार्यक्रमको सहजीकरण ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाका निहा परिहित क्षेत्र र सुआहाराका सरस्वती बम पुरिले गर्नु भएको थियो भने कार्यक्रम को सन्चालन मोहन्याल गाउँपालिका अधिकृत धिरेन्द्र जोशीले गर्नुभएको कार्यक्रममा वडा अध्यक्ष ,कार्यपालिका सदस्य ,वडा सदस्य , स्वयमसेविका,स्वास्थ्यकर्मी ,अगुवा कृषक , शिक्षक शिक्षिका ,पत्रकार गरि करिब ६० जनाको सहभागिता रहेको थियो ।



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## अनुसूची ५ : भिजिबिलिटी

गाउँपालिका अन्तर्गत ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाका क्रियाकलापहरुको उपभोक्ता, सरोकारवाला तथा आम जनमानसमा सन्देश प्रवाह गर्नको लागि यस आर्थिक वर्षमा तपसील बमोजिमका माध्यमबाट प्रचार प्रसार गरिएको छ ।

| क.सं. | माध्यम | मिति | प्रसारण गरिएको विषयवस्तु |
|---|---|---|---|
| १ | पत्रपत्रिका | २०७५।१०।१५ | ○ सिलबन्दी दरभाउ सम्बन्धि |
| २ | पत्रपत्रिका | २०७५।१०।२० | ○ सिलबन्दी दरभाउ सम्बन्धि |
| ३ | अनलाइन मिडिया र एफएम | २०७६।०२।१० | ○ जलउपयोग गुरुयोजना निर्माण सम्बन्धि समाचार |
| ४ | अनलाइन मिडिया र एफएम | २०७६।०२।३१ | ○ पूर्ण सरसफाइ सम्मेलन सम्बन्धि समाचार |
| ५ | अनलाइन मिडिया र एफएम | २०७६।०३।३१ | ○ बार्षिक प्रगति समीक्षा तथा सार्वजनिक परिक्षण सम्बन्धी समाचार |
| ६. | टी सर्ट छपाइ | २०७६।०२।३१ | ○ पूर्ण सरसफाइ सम्मेलनमा लोगो र सन्देशमुलक नारा सहीतको टि सर्ट छपाइ गरेको । |
| ७. | गा.पा. सुचना पाटी | बिभिन्न | ○ चौमासिक प्रगति समीक्षा र बिभिन्न अभियान तालिम संचालन सम्बन्धि सुचना प्रकाशन । |

## अनुसूची ६ : जनशक्ति विवरण

आर्थिक वर्ष २०७५/०७६ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा गाउँकार्यपालिका कार्यालय, परियोजना, परियोजना सहयोग इकाई तथा सहयोगी संस्थाहरुवाट तपशिल बमोजिम जनशक्ति परिचालन भएका थिए ।

| क.सं. | कर्मचारीको नाम | कार्यालय | प्द | जम्मा अनुमानित योगदान (महिनामा) |
|---|---|---|---|---|
| **परियोजनाको तर्फवाट र गा.पा. जलश्रोत अधिकृत** | | | | |
| १. | बिरेन्द्र प्रसाद जोशी | मोहन्याल गाउँपालिका, गाउँपालिका सहयोग इकाइ | गाउँपालिका जलश्रोत अधिकृत | १०.५ |
| २. | डम्बर बोहरा | मोहन्याल गाउँपालिका, गाउँपालिका सहयोग इकाइ | प्राविधिक सहजकर्ता | १०.५ |
| ३. | केशव राज अवस्थी | मोहन्याल गाउँपालिका, गाउँपालिका सहयोग इकाइ | जीविकोपार्जन सहजकर्ता | १ |
| **सहयोगी संस्थावाट परिचालित कर्मचारीहरुको विवरण** | | | | |
| १. | प्रबिण घर्ती मगर | अनिरुद्र ग्रामीण सुधार केन्द्र | फिल्ड संयोजक | ६ |
| २. | मथुरा रावल | अनिरुद्र ग्रामीण सुधार केन्द्र | फिल्ड संयोजक | ६ |
| ३. | बिक्रम खड्का | अनिरुद्र ग्रामीण सुधार केन्द्र | सव इन्जिनियर | ६ |
| ४. | रामचन्द्र अवस्थी | अनिरुद्र ग्रामीण सुधार केन्द्र | जीविकोपार्जन प्रवर्द्धक | ६ |
| ५. | जानकी चौधरी | अनिरुद्र ग्रामीण सुधार केन्द्र | सरसफाइ तथा स्वच्छता प्रवर्द्धक | ४ |
| ६. | कल्पना राना | अनिरुद्र ग्रामीण सुधार केन्द्र | सरसफाइ तथा स्वच्छता प्रवर्द्धक | ६ |
| ७. | कृष्ण कुमार जोशी | अनिरुद्र ग्रामीण सुधार केन्द्र | जलश्रोत प्राबिधिक | ६ |
| ८. | टोप बहादुर बोहरा | अनिरुद्र ग्रामीण सुधार केन्द्र | जलश्रोत प्राबिधिक | ६ |
| ९. | गोकर्ण भट्ट | अनिरुद्र ग्रामीण सुधार केन्द्र | जलश्रोत प्राबिधिक | ४ |
| १० | सीता ठगुन्ना | अनिरुद्र ग्रामीण सुधार केन्द्र | सरसफाइ तथा स्वच्छता प्रवर्द्धक | २ |
| ११ | मनमोहन भट्ट | अनिरुद्र ग्रामीण सुधार केन्द्र | जलश्रोत प्राबिधिक | २ |


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland